# स्थानीय राजपत्र

## लेकवेशी नगरपालिकाद्वारा प्रकाशित

*खण्ड:७) लेकवेशी नगरपालिका, कल्याण, सुर्खेत, श्रावण १२ गते, २०८० साल संख्या: ४*

## भाग - २

### लेकवेशी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालयको

### सूचना

नेपालको संविधान बमोजिम लेकवेशी नगरपालिकाको नगर कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि बनाएकोले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

### <u>लेकवेशी नगरपालिकाको शिक्षक काज व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८०</u>

स्वीकृत मितिः २०८०/०४/१२

प्रमाणिकरण मितिः २०८०/०४/१२

## प्रस्तावना

लेकवेशी नगरपालिका अन्तरगतका सामुदायिक विद्यालयहरुमा निःशुल्क शिक्षा व्यवस्थापन, माध्यमिक विद्यालय तथा आधारभूत विद्यालयहरुमा दरबन्दी शुन्य भएको अवस्था, विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दी कमी भएको कारण गुणस्तरीय शिक्षा एवं सिकाई उपलव्धी बढाउन बाधा भएकोले विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि लेकवेशी नगरपालिका अन्तरगतका सामुदायिक विद्यालयहरुको प्राथमिक तहमा कार्यरत रही माथिल्लो योग्यता भएका शिक्षकहरुलाई शिक्षक विद्यार्थी अनुपातमा कमी भएका तथा दरबन्दी शुन्य भएका माध्यमिक तथा आधारभूत तहको कक्षा (१-८) सञ्चालन भएका विद्यालयहरुमा दरबन्दी मिलानको कार्य नहुदाँ सम्मको लागि काज व्यवस्थापन गरी विषयगत शिक्षकहरुको कमीलाई अल्पकालिन रुपमा पुरा गर्न आवश्यक देखिएकोले लेकवेशी नगरपालिकाको शिक्षा ऐन, २०७८ को दफा ५७ को उपदफा (१) वमोजिम यो कार्यविधि बनाइएको छ ।

## परिच्छेद – एक
## नाम र परिभाषा :

१. **संक्षिप्त नाम र प्रारम्भ :**

यो कार्यविधिको नाम "शिक्षक काज व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८० रहनेछ । यो कार्यविधि नगरकार्यपालिकाको वैठकवाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा :**

विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "कार्यविधि" भन्नाले "लेकवेशी नगरपालिकाको, शिक्षक काज व्यवस्थापन सम्वन्धी कार्यविधि, २०८०" लाई सम्भनु पर्दछ ।

ख) "नगर शिक्षा ऐन" भन्नाले लेकवेशी नगरपालिकाको शिक्षा ऐन, २०७८ लाई सम्भनु पर्दछ ।

ग) "नगर शिक्षा समिति" भन्नाले नगर शिक्षा ऐन, २०७८ बमोजिम गठित लेकवेशी नगर शिक्षा समितिलाई सम्झनु पर्छ ।

घ) "प्रमुख" भन्नाले लेकवेशी नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले लेकवेशी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

च) "शाखा प्रमुख" भन्नाले लेकवेशी नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखा अन्तरगत कार्यरत अधिकृत स्तरको कर्मचारी वा शाखाको जिम्मेवारी तोकिएको कर्मचारीलाई सम्झनु पर्दछ ।

छ) "शाखा" भन्नाले शिक्षा युवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ ।

ज) "विद्यालय व्यवस्थापन समिति" भन्नाले सामुदायिक विद्यालयमा गठित व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

झ) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारवाट नियमित रुपमा अनुदान प्राप्त गर्ने अनुमति वा स्वीकृत विद्यालयलाई सम्झनु पर्छ ।

ञ) "स्थानीय तह" भन्नाले लेकवेशी नगरपालिका, सुर्खेतलाई सम्झनु पर्छ।

ट) "शिक्षक काज व्यवस्थापन" भन्नाले आधारभूत सामुदायिक विद्यालयको कक्षा (१-३) र कक्षा (१-७) सञ्चालित विद्यालयहरुमा कार्यरत माथिल्लो योग्यता र क्षमता भएका शिक्षकहरुलाई माध्यमिक विद्यालय तथा आधारभूत (कक्षा १-८) सञ्चालित विद्यालयहरुमा मुख्य विषयगत शिक्षकको कमीलाई पुरा गर्नका लागि शिक्षा समितिवाट तोकिएको अवधि सम्मका लागि भन्ने सम्झनुपर्छ ।

## परिच्छेद – दुई

## उद्देश्य, अपेक्षा र बजेट सीमा

३. **शिक्षक काज व्यवस्थापनका उद्देश्यहरु: शिक्षक काज व्यवस्थापनका उद्देश्यहरु देहाय बमोजिम रहेको छ,**

क) लेकवेशी नगरपालिका अन्तरगतका माध्यमिक तथा आधारभूत (१-८) तहमा शिक्षक काज व्यवस्थापनका आधार र मापदण्ड लागि मार्ग दर्शन गर्नु ।

ख) सामुदायिक माध्यमिक तथा आधारभूत विद्यालयहरुको शैक्षिक गुणस्तर र सिकाई उपलव्धी बढाउनु ।

ग) माध्यमिक तथा आधारभूत विद्यालयहरुमा गुणस्तरीय शिक्षामा सबै बालबालिकाहरुको सहज पहुँचको आधार तयार गर्नु ।

घ) दरबन्दी जिरो भएका सामुदायिक माध्यमिक तथा आधारभुत विद्यालयहरुमा अल्पकालीन विषयगत शिक्षक व्यवस्थापन गर्नु ।

ङ) सामुदायिक माध्यमिक तथा आधारभुत (१-८) विद्यालयहरुमा मुख्य विषयगत शिक्षकहरुको कमीलाई पुरा गर्नु ।

च) सामुदायिक विद्यालयहरुको कक्षा ८ र कक्षा १० मा विद्यार्थीहरुको सिकाई उपलब्धि तथा उत्तीर्ण दर बढाउनु ।

४. **अपेक्षा :**

लेकवेशी नगरपालिका भित्र सञ्चालित माध्यमिक तथा आधारभुत विद्यालयहरुमा शैक्षिक गुणस्तर सुधार, सिकाई उपलव्धीमा बढोत्तरी र दरबन्दी जिरो भएका सामुदायिक विद्यालयहरु र शिक्षक दरबन्दीको अनुपातमा विद्यार्थी संख्या धेरै भएका विद्यालयहरुमा विषयगत शिक्षकहरुको अल्पकालीन व्यवस्थापन गर्नु ।

**५. बजेट र सीमा :**

वार्षिक रुपमा शिक्षण सिकाई अनुदानमा स्वीकृत भएको रकमवाट एकमुष्ठ रुपमा शिक्षक व्यवस्थापनका लागि शिक्षक दरबन्दी भएको विद्यालयलाई एक जना शिक्षकको क्षतिपूर्ति वापत नगर शिक्षा समितिबाट तोकिएको अवधि सम्मको लागि रु.२,४०,०००/- (अक्षेरुपी दुई लाख चालीस हजार रुपैयाँ मात्र) अनुदान रकम लेकवेशी नगरपालिकाले उपलब्ध गराउनु पर्ने ।

## परिच्छेद – तीन
## शिक्षक काज व्यवस्थापनका आधार एव मापदण्ड

**६. शिक्षक काज व्यवस्थापनका आधार एव मापदण्डः** लेकवेशी नगरपालिका अन्तरगतका सामुदायिक माध्यमिक तथा आधारभूत (कक्षा १-८) विद्यालयहरुमा तपसिलको आधार र मापदण्ड बमोजिम शिक्षक काज व्यवस्थापन गर्न सकिनेछ ।

क) दरवन्दी जिरो भएका माध्यमिक तथा आधारभूत (कक्षा १-८) विद्यालयहरु हुनुपर्ने ।

ख) विद्यार्थी सख्याको आधारमा शिक्षक दरबन्दी कमी भएका माध्यमिक तथा आधारभूत विद्यालयहरु।

ग) प्राथमिक तहमा कार्यरत काजमा खटाउने शिक्षकहरुको शैक्षिक योग्यता र क्षमता माध्यमिक तथा आधारभूत विद्यालयहरुको (कक्षा १-८) लागि पुरा गरेको हुनु पर्ने ।

घ) कक्षा १-५ सञ्चालन भएका विद्यालयहरुमा ६० जना भन्दा कम विद्यार्थी भएका विद्यालयहरुमा कार्यरत माथिल्लो योग्यता भएका शिक्षकहरु भएका विद्यालयहरु ।

ङ) कक्षा १-३ सञ्चालन भएका विद्यालयहरुमा ३० जना भन्दा कम विद्यार्थी भएका विद्यालयहरुमा माथिल्लो योग्यता भएका शिक्षकहरु ।

च) कक्षा १-५ र कक्षा १-३ सञ्चालन भएका विद्यालयहरुमा माथिल्लो योग्यता र क्षमता भएका शिक्षकहरुलाई शिक्षा युवा तथा खेलकुद शाखाको सिफारिसमा शिक्षा समितिको निर्णय बमोजिम काज व्यवस्थापन गरिने ।

ज) माध्यमिक तथा आधारभूत विद्यालयहरुमा काज व्यवस्थापन पश्चात् दरबन्दी भएका विद्यालयहरुलाई काज पठाए वापत क्षतिपुर्ति वापत अल्पकालीन समयका लागि एकमुष्ठ तोकिएको रकम विद्यालयहरुलाई दिनुपर्ने छ ।

(झ) माध्यमिक तथा आधारभूत विद्यालयहरुका प्राथमिक तहमा शिक्षक दरबन्दीको अनुपातमा विद्यार्थी संख्या मापदण्ड भन्दा न्यून रहेका विद्यालयबाट काज व्यवस्थापन भएमा त्यस्ता विद्यालयहरुलाई क्षतिपूर्ति वापत दिनुपर्ने तोकिएको रकम दिनु नपर्ने ।

## परिच्छेद–चार

## शिक्षक काज व्यवस्थापन कार्यन्वयन प्रक्रिया

७. **शिक्षक काज व्यवस्थापन कार्यन्वयन प्रक्रिया :** माध्यमिक तथा आधारभूत (कक्षा १-८) विद्यालयहरुमा शिक्षक काज व्यवस्थापन सम्वन्धमा देहाय बमोजिमको कार्यान्वयन प्रक्रिया गर्नु पर्नेछ ।

क) यस कार्यविधिको परिच्छेद - ४ बुँदा नं. ६ का आधारमा काज व्यवस्थापन गर्दा नगर शिक्षा समितिबाट निर्णय पश्चात् कार्यान्वयन गरिनेछ ।

ख) शिक्षा समितिवाट काज व्यवस्थानको निर्णय पश्चात सो निर्णयको कार्यन्वयनको जिम्मेवारी शिक्षा युवा तथा खेलकुदशाखा लेकवेशी नगरपालिकालाई हुनेछ ।

गं) शिक्षक काज व्यवस्थापन गरिएका शिक्षकहरुको नियमानुसार पाउनु पर्ने शिक्षक तलव भत्ता लगायत अन्य सेवा सुविधा अर्को व्यवस्था नभए सम्मको लागि काज रहेको विद्यालयवाट भुक्तानी हुनेछ ।

घ) काज व्यवस्थापन भई आएका एवं अन्य शिक्षकहरुलाई माथिल्नो तहमा अध्यापन गरेवापत विद्यालयले आफनो आन्तरिक श्रोतबाट प्रोत्साहन रकम दिन सक्नेछ ।

ङ) काज व्यवस्थापन भई आएका तथा अन्य शिक्षकहरुले आफ्नो तह भन्दा माथिल्नो तहमा अध्यापन गरेमा वा गर्न लगाएमा निज शिक्षकको वृत्ति विकासमा कुनै असर पर्ने छैन तर निज शिक्षकले पढाउने तहको पठन पाठनको अन्य शिक्षकवाट पूर्ण व्यवस्थापन गर्नु पर्नेछ ।

## परिच्छेद – पाँच
## बाधा अड्काउ फुकाउ तथा खारेजी र बचाउ

**८. बाधा अड्काउ फुकाउ तथा खारेजी, बचाउ देहाय बमोजिम हुनेछः**

क) यस नगरपालिकाले सामुदायिक, माध्यमिक तथा आधारभूत विद्यालयहरुमा काज व्यवस्थापनको लागि बनेको कार्यविधि बमोजिम शिक्षकहरुको काज व्यवस्थापन हुनेछ ।

ख) यस कार्यविधि अनुसार शिक्षक काज व्यवस्थापनमा बाधा अड्काउ फुकाउ परेमा नगर कार्यपालिकाले फुकाउन सक्नेछ ।

ग) यस कार्यविधि बमोजिम भएका शिक्षक काज व्यवस्थापन सम्वन्धी दरबन्दी मिलान कार्य नहुदाँ सम्मका लागि कार्य यसै बमोजिम र प्रचलिन कानुनसँग बाँझिएमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**आज्ञाले**

श्री पदमलाल लामिछाने

प्रमुख प्रशासकीय अधिकृत